**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

**कर्पोरेट कार्यालय बनेपा, काभ्रे**

च.नं. २४७/२०८२/०८३

मिति: २०८२/१०/२२

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**बिषयः सोह्रौं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिला खारेज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०८२/१०/२१ गते बुधवार बेलुका ४:३० बजे बसेको संचालक समितिको ४७३ औं बैठकको निर्णय बमोजिम बैंकको **सोह्रौं वार्षिक साधारणसभा** मिति २०८२/११/१५ गते शुक्रवारका दिन बस्ने भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । साथै, सो प्रयोजनको लागि मिति २०८२/१०/२९ गते बिहीवार १ दिन यस बैंकको शेयर नामसारी दाखिला खारेज बन्द (Book Close) रहने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

**संलग्नः आर्थिक राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित **सोह्रौं वार्षिक साधारण सभा** सम्बन्धी सूचना ।

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा बित्तीय संस्था नियमन बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री एनआईएमबिएस क्यापिटल लि. लाजिम्पाट, काठमाण्डौं ।

भवदिय,

..............................
पुस्कर जि.सी
कम्पनी सचिव

# रोयल इनफिल्ड हन्टर ३५० पोखरामा सार्वजनिक

आर्थिक संवाददाता
काठमाडौं, माघ २१

रोयल इनफिल्डले स्ट्रिट रोड्स्टर हन्टर ३५० पोखरामा सार्वजनिक गरेको छ । काठमाडौंमा सफल लन्चपछि कम्पनीले पोखरास्थित सोरूममार्फत टेस्ट-राइड र बुकिङ कार्यक्रम सुरू गरेको हो ।

विश्वका सहरी जीवनशैलीबाट प्रेरित रङ, सुधारिएको सस्पेन्सन र सहज एर्गोनोमिक डिजाइनसहितको विएस भीआई हन्टर ३५०, २०२५ संस्करण पोखराका सहरी तथा पहाडी सडक दुवैका लागि उपयुक्त हुने कम्पनीको दाबी छ । मोटरसाइकलमा स्लिप एसिस्ट क्लज, १६० एमएम ग्राउन्ड क्लियरेन्स, ड्युल च्यानल एबिएस, एलईडी हेडलैम्प, सुधारिएको सिट र ट्रिप नाभिगेटरजस्ता सुविधा समावेश छन् । यसमा



प्रयोग गरिएको ३४९ सीसी जे सिरिज इन्जिनले दैनिक सवारीमा चुस्ती र आरामदायी अनुभव दिने बताइएको छ । सन् २०२२ देखि हालसम्म विश्वभर सात लाखभन्दा बढी राइडरले यो मोडेल रोजिसकेका छन् । कम्पनीका अनुसार हन्टर ३५० को मूल्य ड्युल टोनको चार लाख ९९ हजार नौ सय रूपैयाँ र सिंगल टोन चार लाख ९४ हजार नौ सय रूपैयाँ तोकिएको छ ।

# बजाजको 'नयाँ जीवनको भरपर्दो सहयात्री' अफर




काठमाडौ माघ २१ । बजाज मोटरसाइकलले नवविवाहित जोडीलाई लक्षित गरेर नयाँ अफर ल्याएको छ । बजाज मोटरसाइकलको नेपालका लागि आधिकारिक बिक्रेता हंसराज हुलाशचन्द एन्ड कम्पनीले 'नयाँ जीवनको भरपर्दो सहयात्री' नामक नयाँ योजना ल्याएको हो ।

यस योजनाअनुसार १०० सीसीदेखि १५० सीसीसम्मका मोटरसाइकल खरिद गर्दा सात हजारसम्म छुट पाउन सकिनेछ । गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले नयाँ जिम्मेवारीसँगै नयाँ जीवन सुरुवात गर्नेहरूका लागि यो अफर ल्याएको बताए । 'नयाँ सोच, नयाँ संकल्पले नयाँ जीवनलाई सहज बनाउने विश्वाससमेत लिएको छु', उनले भने । नवविवाहित जोडीलाई लक्षित गरिएको भए पनि यो योजनाबाट सबैले लाभ लिन सक्ने निर्देशक गोल्छाले बताए । यो योजना माघ १५ बिहीबारदेखि नै लागू भएको कम्पनीले जनाएको छ ।

# भलवारीमा टिन्डी सीसी क्यामेराको नयाँ डिलर

पोसकान्त पोखरेल
बुटवल, माघ २१

सीसी क्यामेरा ब्रान्ड 'टिन्डी'को नयाँ आधिकारिक डिलर रूपन्देहीको भलवारीमा संचालनमा आएको छ । ब्रान्डको आधिकारिक बिक्रेता एसके कम्प्युटर तथा मर्मत केन्द्रले भलवारीमा डिलर सञ्चालनमा ल्याएको हो ।

यसअघि कम्प्युटर र ल्यापटपको सेवा प्रदान



गर्दै आएको एसके कम्प्युटरले अब टिन्डीका अत्याधुनिक सीसी क्यामेराहरु उपलब्ध गराउने छ । डिलरको शुभारम्भसँगै कम्पनीले ६० जनाभन्दा बढी टेक्निसियनहरूलाई तालिम समेत दिएको छ । केन्द्रका सिनियर टेक्निसियन कमल बस्यालले तालिम दिएका हुन् । डिलर सञ्चालक सञ्जय कुमार गुप्ताले समयको माग र बढ्दो असुरक्षालाई मध्यनजर गर्दै गुणस्तरीय सीसी क्यामेराको आवश्यकता पूरा गर्न भलवारीमा सेवा विस्तार गरिएको बताए । उनका अनुसार रूपन्देही क्षेत्रमा सीसी क्यामेराको माग उच्च छ । माग उच्च भएपनि गुणस्तरीय र भरपर्दो सेवा नपाएर सेवाग्राहीहरू निरास हुनुपरेको पाइएकोले आफूहरूले टिण्डीको रूपन्देहीमा सेवा विस्तारमा लगानी गरेको गुप्ताले बताए ।

कम्पनीको नेपालका लागि कन्ट्री म्यानेजर नविन भण्डारीले स्वचालित मेसिनद्वारा निर्मित यी क्यामेराहरु आधुनिक प्रविधि, उच्च गुणस्तर र सहुलियत मूल्यका कारण लोकप्रिय रहेको दाबी गरे । साना पसल, घर र कार्यालयका तथा ठूला उद्योग, सरकारी कार्यालयहरू, सडक र उच्च सुरक्षा चाहिने ठाउँका लागि डिजाइन गरिएको यसमा मान्छे चिन्न, भीड गणना गर्न र गाडीको नम्बर प्लेट पढ्न उच्च प्रविधिको क्यामेरा जडान गरिएको जानकारी दिए ।

# रोटरी क्लब अफ नागार्जुनले दियो ट्राफिक प्रहरीलाई कम्प्युटर

आर्थिक संवाददाता
काठमाडौं, माघ २१

रोटरी क्लब अफ नागार्जुनले आफ्नो २२औँ स्थापना दिवसको अवसर पारेर उपत्यका ट्राफिक प्रहरी कार्यालयलाई उच्च गुणस्तरका कम्प्युटर र प्रिन्टर सहयोग हस्तान्तरण गरेको छ ।

रोटरी डिस्ट्रिक ३२९२ का डिस्ट्रिक गभर्नर विनोद



कोइरालाले क्लबका तर्फबाट उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीलाई तीन थान कम्प्युटर र एक थान प्रिन्टर सहयोग हस्तान्त्रण गरेका हुन् ।

ट्राफिक प्रहरीको कार्यालय रामशाहपथमा आयोजित कार्यक्रममा रोटरी डिस्ट्रिक ३२९२ का डिष्ट्रिक गर्भनर बिनोद कोइरालाले जेन्जी आन्दोलनपछि उत्पन्न परिस्थितिमा आफूहरूले सानो सहयोग हस्तान्तरण गरेको बताए । त्यसैगरी प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले रोटरीलगायतका सामाजिक संस्थाहरूकै कारण ट्राफिकको पोसाकदेखि भवन निर्माण र भौतिक संरचनामा धेरै ठूलो योगदान पुगेको बताए ।


## Nepal Electricity Authority
### Invitation for Electronic Bids
(Date of publication 5 February, 2026 (22/10/2082)

| Name of Office | Tender No./Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Modikhola Hydropower Station, Dimuwa, Parbat (Tel No : 067-410042/410041) | MKHPS-2082/83-CSQ-02 | Repair and maintenance of water supply intake of MKHPS at Chitre. |
| Central Workshop Hetauda (Tel No : 057-520930) | CW-ST-2082/83-20 | Supply and Delivery of 18 S.W.G & 18.5 S.W.G. Super Enameled Copper Wires. |
| | CW-ST-2082/83-21 | Supply and Delivery of 21 S.W.G & 23 S.W.G. Super Enameled Copper Wires. |
| | CW-ST-2082/83-22 | Supply and Delivery of 16 S.W.G to 20 S.W.G. Super Enameled Copper Wires. |
| | CW-ST-2082/83-23 | Supply and Delivery of TPC Paper Insulated Copper Strips. |
| | CW-SQ-2082/83-26 | Third Party Re-Calibration of Testing Equipment. |
| Ilam Distribution Centre (Tel No :027-520054) | NEA-ILAMDC-2082/083-03SQ | Construction of LT Line and Wooden Pole Replacement on LT line (Estimated Amount with VAT NRS.5,06,048.41) |
| Dharan Distribution Centre (Tel No : 025-570421) | NEA-DHARANDCS-2082-083-01SQ | Supply and Delivery of Stationery & Other Goods |
| Achham Distribution Centre, (Tel No : 097-625105) | NEA-ADC-2082/083-SQ-01 | Electrification works at Bannigadhi Ga.Pa 06 Darna of Achham District |
| Birgunj Distribution Centre (Tel No :051-521050) | NEA/BDC-2082/083-SQ-01(Re) | Supply and Delivery of Printing and Stationery Materials |
| Nepal Distribution System Upgrade and Expansion Project (EIB) (Tel No : 01-4153145) | NCB-DCSD-2082/83-DSUEP-EIB-G3 | Supply and Delivery of Four-Wheel Drive Double Cab Pick-up Truck |

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details


Find us on :
facebook/
aarthikdainik


**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
सधैं......तपाईंसँग

प्रधान कार्यालय- बाहबिसे, सिन्धुपाल्चोक, नेपाल ।
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक ।
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

## सिन्धु विकास बैंकको १६ औं वार्षिक साधारण सभा बस्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१०/२२ गते)

**श्री शेयरधनी महानुभावहरु**
यस विकास बैंकको सञ्चालक समितिको मिति २०८२ साल माघ २१ गते बसेको ४७३ औं बैठकको निर्णय बमोजिम यस बैंकको सोह्रौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुलाई सभामा सहभागी हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान:**
मिति : २०८२ साल फागुन १५ गते शुक्रबार (तदनुसार २७ फेब्रुअरी, २०२६)
समय : बिहान ११:०० बजे
स्थान : होटल सारथि, धुलिखेल, काभ्रेपलाञ्चोक ।

**छलफलका बिषयहरु :**
**(क) सामान्य प्रस्तावहरु :**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/८३ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**
१. सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्वन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सोमा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्बन्धी अन्य आवश्यक सम्पुर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### १६ औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरु सभा शुरु हुनुभन्दा अगावै सभा कक्षमा उपस्थित भै दिनुहुन हार्दिक अनुरोध छ र यहाँहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहान १०:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
२. मिति २०८२/१०/२९ गते (तदनुसार १२ फेब्रुअरी २०२६) विहीबारका दिन शेयर दाखिल खारेज बन्द रहनेछ ।
३. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ ।
४. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले बैंकको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको कर्पोरेट कार्यालय, बनेपामा बुझाई सक्नु पर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई दस्तखत गर्नु भएमा प्रोक्सी स्वत: बदर हुनेछ । प्रोक्सी फारम यस बैंकको Website बाट Download गर्न सकिने छ ।
५. कुनै बैंक, वित्तीय कम्पनी, गुठी, संगठित संस्था, कम्पनी वा नेपाल सरकारले कम्पनीको शेयर खरिद गरेको अवस्थामा त्यस्ता संस्थाको तर्फबाट खटाइएको वा मनोनित गरेको प्रतिनिधिले मतदान गर्न पाउने छ ।
६. प्रतिनिधि मुकर्रर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै ब्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
७. नाबालक शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउने छ ।
८. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ ।
९. साधारण सभाको काम कारवाही कम्पनी ऐन २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम हुनेछ ।
१०. छलफलको विषय मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
११. शेयरधनी महानुभावहरुको जानकारीको लागि बैंकको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन बैंकको वेबसाइट www.sindhubank.com.np मार्फत उपलब्ध गराइनेछ ।
१२. निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८२/११/८ गते शुक्रबार बैंकको कर्पोरेट कार्यालय बनेपा, काभ्रेमा प्रकाशित गरिने छ ।
१३. साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको कर्पोरेट कार्यालय, बनेपामा वा कार्यालय समयभित्र फोन नं. ०११-६६२३४०/४१/५१ मा सम्पर्क गर्नुहुन शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।



## पञ्चकन्या गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/१०/२२

यस गाउँपालिकाबाट मिति २०८२/०९/०८ को हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भएको पाइएको हुँदा बोलपत्र स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (मू.अ.कर र पि.एस.सहित) |
|---|---|---|---|---|
| 1 | PRM/ NCB/G/10/082-083 | Supply and Delivery of HDPE Pipe (PE-100) -(Confirming to NS 40:2079) for Panchakanya Rural Municipality | Hisi Polythene & Plastic Industries Pvt.ltd. Balaju, Kathmandu | 18,49,424.80 /- |
| 2 | PRM/NCB/ BLDG/11/082-83 | Construction Work of 1 & 5 Ward Office Building | Super Power Construction Panchakanya-2,Nuwakot | 56,90,906.15/- |
| 3 | PRM/NCB/ ROAD/12/082-083 | Upgrading work Of Salghari Kankeshwori Road | Rashika Construction Bidur-9,Nuwakot | 18,26,256.95/- |
| 4 | PRM/NCB/ ROAD/13/082-083 | Upgrading work Of Kalchhe Thanti Kahakala Road | J.D.Lamichhane Construction Pvt.ltd. Panchakanya-1,Nuwakot | 22,94,224.08/- |

**प्रमुख प्रशासकीय अधिकृत**